# नेपाल विद्यार्थी संघ
# NEPAL STUDENTS' UNION

२०२७ (1970)
केन्द्रीय कार्यालय, काठमाण्डौ
Central Office, Kathmandu

Ref. No:

मितिः २०८२/१/१४

**प्रेस-विज्ञप्ति**

**आदरणीय सञ्चारकर्मी/पत्रकार मित्रहरू**

जय नेपाल !

त्रिभुवन विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय र सुदूरपश्चिम विश्वविद्यालयमा सम्पन्न स्ववियु निर्वाचन, हाल शिक्षा ऐन लागू गर्न माग राखी शिक्षक महासङ्घ द्वारा जारी देशव्यापी शैक्षिक हड्ताल, स्ववियु निर्वाचनको दौरान उपकुलपतिको राजिनामा र नेपाल विद्यार्थी संघको १२ औं महाधिवेशन लगायत समसामयिक विषयहरू उपर नेपाल विद्यार्थी संघ केन्द्रीय कार्यसमितिको औपचारिक धारणाका सम्बन्धमा विस्तृत जानकारी सञ्चारमाध्यम मार्फत विद्यार्थी आम सर्वसाधारण र सरोकारवाला समेतलाई एकमुष्ट सुसूचित गराउने उद्देश्यका साथ आयोजित पत्रकार सम्मेलन कार्यक्रममा यहाँको उपस्थितिका लागी हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछौं ।

साथै उल्लिखित विषयवस्तु उपर नेपाल विद्यार्थी संघ, केन्द्रीय कार्यसमितिको धारणा देहाय बमोजिम रहेको छ :-

**क. स्ववियु निर्वाचन, २०८१/२०८२**

१. त्रिभुवन विश्वविद्यालय अन्तर्गतका आङ्गिक, सामुदायिक तथा सम्बन्धन प्राप्त स्ववियु निर्वाचन सम्पन्न भएका ३१३ क्याम्पस/कलेज मध्ये १२७ वटा क्याम्पस/कलेजमा नेपाल विद्यार्थी संघका तर्फबाट सभापति पदका उम्मेदवार विजय भए सँगै नेपाल विद्यार्थी संघ पुनः देशकै अग्रणी विद्यार्थी सङ्गठन बन्न सफल भएको छ ।

२. मध्यपश्चिम विश्वविद्यालय अन्तर्गतका आङ्गिक, सामुदायिक तथा सम्बन्धन प्राप्त स्ववियु निर्वाचन सम्पन्न भएका ७ क्याम्पस/कलेज मध्ये ६ वटा क्याम्पस/कलेजमा नेपाल विद्यार्थी संघका तर्फबाट सभापति पदका उम्मेदवार विजय भए सँगै नेपाल विद्यार्थी संघ मध्यपश्चिम विश्वविद्यालयमा पुनः अग्रणी विद्यार्थी सङ्गठन बन्न सफल भएको छ ।

३. सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गतका आङ्गिक, सामुदायिक तथा सम्बन्धन प्राप्त स्ववियु निर्वाचन सम्पन्न भएका १५ क्याम्पस/कलेज मध्ये ९ वटा क्याम्पस/कलेजमा नेपाल विद्यार्थी संघका तर्फबाट सभापति पदका उम्मेदवार विजय भए सँगै नेपाल विद्यार्थी संघ सुदूरपश्चिम विश्वविद्यालयमा समेत पुनः अग्रणी विद्यार्थी सङ्गठन बन्न सफल भएको छ ।

P.O. Box : 7726, Anamnagar,Kathmandu,Nepal
Tel./Fax: +977-01-5904197, E-mail: info@nsu.org.np
www.nsu.org.np

**धारणाः**

नेपाल विद्यार्थी संघको क्रियाशीलता, विद्यार्थी मैत्री कार्यक्रम र सञ्चालित अभियानहरू, विचारमा स्पष्टता र २०७९ सालको स्ववियु निर्वाचनमा देशकै प्रथम विद्यार्थी संगठन बने पश्चात गरेका विद्यार्थी मैत्री गतिविधिको जगमा २०८१/०८२ सालमा समेत पुनः नेपाल विद्यार्थी संघलाई आम विद्यार्थीहरूले अनुमोदन गरेर प्रथम विद्यार्थी संगठनका रुपमा स्थापित गरेको सन्दर्भमा नेपाल विद्यार्थी संघलाई विश्वास गरी नेपाल विद्यार्थी संघका तर्फबाट उम्मेदवार बन्ने प्रत्यक्ष तथा समानुपातिक तर्फका उम्मेदवारलाई मतदान गर्नु हुने सम्पूर्ण विद्यार्थी साथीहरू प्रति हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछौं । साथै हामीलाई गरेको विश्वासलाई अटुट राख्न नेपाल विद्यार्थी संघले स्ववियु निर्वाचन केन्द्रित घोषणापत्रमा उल्लिखित विश्वविद्यालयको गुणात्मक रूपान्तरण तथा समग्र शैक्षिक उन्नयनका लागी तय गरेको नीति तथा कार्यक्रमहरू कार्यान्वयनको दिशामा अघि बढाउने समेत उद्घोष गर्दै संघलाई सृजनात्मक, प्राज्ञिक र सशक्त विद्यार्थी संगठनको रुपमा स्थापित गर्ने कुरामा विश्वस्त रहन आग्रह गर्न चाहन्छौं ।

स्ववियु निर्वाचनकै सन्दर्भमा मातृ पार्टी नेपाल कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको मिति २०८१ चैत्र १० गते बसेको बैठकले देशैभर सम्पन्न स्ववियु निर्वाचनमा नेपाल विद्यार्थी संघले प्रथम स्थान हासिल गर्न सफल भएकोमा संघलाई बधाई ज्ञापन गरेको सन्दर्भमा नेपाल विद्यार्थी संघ औपचारिक रूपमै पार्टी नेपाली काँग्रेस केन्द्रीय कार्यसम्पादन समितिका श्रद्धेय सभापति मा. शेर बहादुर देउवा लगायत सिङ्गो केन्द्रीय कार्यसम्पादन समिति प्रति कृतज्ञता व्यक्त गर्दैछौं ।

**ख. उपकुलपति को राजिनामा सम्बन्धमा**

१. त्रिभुवन विश्वविद्यालयका निवर्तमान उपकुलपति प्रा. डा. केशर जंग बरालले स्वास्थ्य कारण देखाउँदै प्रधानमन्त्री समक्ष राजीनामा दिनुभयो यद्यपि, सामाजिक सञ्जाल र पत्रपत्रिकामा आएको तर्क अनुसार स्वास्थ्य मात्र नभई राजनीतिक दबाब पनि राजीनामाको कारण हुनसक्ने देखिएको छ, जसले विश्वविद्यालयको स्वायत्तता माथि प्रश्न उठाएको छ।

**धारणाः**

चार वर्षे कार्यकालका लागि नियुक्त उपकुलपतिले मध्य अवधिमै राजीनामा दिनु सन्देहास्पद भएको भन्दै नेपाल विद्यार्थी संघले यस विषयमा गम्भीर अनुसन्धानको माग गरेको छ। संघले विश्वविद्यालयलाई राजनीतिक प्रभावबाट मुक्त गरि योग्यता र निष्पक्षतामा आधारित

प्रणालीमार्फत सञ्चालन गर्नुपर्ने र प्रधानमन्त्री कुलपति हुने संरचना माथि पुनर्विचार गर्नुपर्ने माग पनि दोहोऱ्याएको छ।

राजनीतिक हस्तक्षेप, प्रशासनिक अराजकता र आन्तरिक दबाबका कारण उपकुलपतिले राजीनामा दिएको भए, यो केवल त्रिवि मात्र होइन, समग्र उच्च शिक्षाको सङ्कट भएको संघको ठम्याइ छ। अन्त्यमा, सरकार र सम्बन्धित निकायलाई उपकुलपतिको राजिनामाको सन्दर्भमा निष्पक्ष अनुसन्धान गर्न अनुरोध गर्दै, तत्काल योग्यता प्रणालीको आधारित उपकुलपति नियुक्ति गर्न, राजनीतिक भागबन्डाको अन्त्य र विश्वविद्यालयको पूर्ण स्वायत्तता सुनिश्चित गर्न माग गर्दैछौं।

**ग. शिक्षक महासंघ द्वारा जारी देशव्यापी शैक्षिक हड्तालका सम्बन्धमाः**

१. विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न मिति २०८०/०५/२७ गते प्रतिनिधि सभामा दर्ता गरिएको **"विद्यालय शिक्षा विधेयक, २०८०"** मा समावेश केही प्रावधानहरू शिक्षक, विद्यार्थी र सम्पूर्ण शैक्षिक क्षेत्रको हित विपरीत, अन्यायपूर्ण र अव्यावहारिक रहेका कारण आवश्यक संशोधन सहित **विद्यालय शिक्षा ऐन** तत्काल लागू गर्न हाल नेपाल शिक्षक महासङ्घको नेतृत्वमा जारी आन्दोलन प्रति नेपाल विद्यार्थी संघ पूर्णरुपमा समर्थन एवं ऐक्यबद्धता जनाउँछ साथै नेपाल सरकार र नेपाल शिक्षक महासङ्घबीच पटकपटक भएका सहमतिहरूको प्रभावकारी कार्यान्वयनमा देखिएको उदासीनता र बिलम्बप्रति खेद समेत प्रकट गर्दछौं।

**धारणाः**

राष्ट्र निर्माणको आधारशिलाका रुपमा रहेका बालबालिकालाई शिक्षाको ज्योतिले मार्गदर्शन गराउने अहम् जिम्मेवारी बोकेको शिक्षण पेशा विश्वमानचित्रमा समेत एक मर्यादित एवं प्रतिष्ठित पेशाको रुपमा स्थापित रहेको तथ्यलाई मध्यनजर गर्दै शिक्षकहरू पुनः सडक आन्दोलनमा उत्रिनुपर्ने परिस्थिति निर्माण हुनु दुखद विषय हो ।

नेपालको संविधानले माध्यमिक तह सम्मको शिक्षा अनिवार्य र निशुल्क हुने व्यवस्था गरेपनि संस्थागत विद्यालयले शुल्क लिन पाउने र सामुदायिक विद्यालयले निशुल्क शिक्षा प्रदान गर्नुपर्ने व्यवस्थाले नेपालमा समान्तर दुई फरक शिक्षा प्रणाली लागू भएको विरोधाभाषपूर्ण परिस्थिति निर्माण भएको हुँदा संविधान प्रदत्त मौलिक हकको रुपमा रहेको माध्यमिक तह सम्मको शिक्षा युग सापेक्ष प्रविधिमैत्री, वैज्ञानिक, गुणस्तरीय र निशुल्क हुनु पर्ने व्यवस्था निसर्त कार्यान्वयन गर्न नेपाल सरकारले जाहेर गरेको प्रतिवद्धता अनुरूप विद्यालय शिक्षामा राज्यको संघीय सरकार,

P.O. Box : 7726, Anamnagar,Kathmandu,Nepal
Tel./Fax: +977-01-5904197, E-mail: info@nsu.org.np
www.nsu.org.np

प्रदेश सरकार र स्थानीय सरकारले कुल वार्षिक बजेटको २०% लगानी गर्न नेपाल विद्यार्थी संघ नेपाल सरकारको ध्यानाकर्षण गराउँछ।

शिक्षा ऐन-२०२८ लाई प्रतिस्थापन गर्ने "विद्यालय शिक्षा विधेयक-२०८०" ऐनको रुपमा जारी भइ लागू हुनु पूर्व साविकको ऐनले निर्माण गरेको माध्यमिक तह सम्मको शिक्षा प्रणाली र उक्त व्यवस्थाबाट विकसित उपजहरूको पूर्णत व्यवस्थापन नभए शिक्षा क्षेत्रमा देखिएका विद्यमान समस्या भविष्यमा समेत बल्झिने हुँदा हाल उत्पन्न समस्याहरू समाधानका दीर्घकालीन उपाय खोज्न सम्पूर्ण सरोकारवाला निकायलाई हार्दिक अनुरोध गर्दछ ।

संहितावद्ध कानून एक गतिशील दस्तावेज भएकोले यसलाई संशोधनका माध्यमबाट आवश्यकता अनुसार परिष्कृत गर्न सकिने हुँदा विद्यालय शिक्षा विधेयक, २०८० मा भएका र भविष्यमा समेत सिर्जना हुने समस्यालाई समाधान गर्न सकिने हुँदा नेपाल विद्यार्थी संघ संघीय शिक्षा ऐन जारी हुनु पर्ने आवश्यकता प्रति सकारात्मक छ ।

अन्तमा "विद्यालय शिक्षा विधेयक-२०८०" विद्यार्थीहरूको समेत चासो र मुख्य सरोकारको विषय भएकोले विद्यार्थीको समेत प्रतिनिधित्व हुनेगरि अविलम्ब सर्वपक्षीय वार्ता, छलफल र संवाद मार्फत आन्दोलनरत सबै पक्षहरूका जायज एवं न्यायिक माग सम्बोधन गर्न सरकार समक्ष माग गर्दछौं साथै नेपाल शिक्षक महासंघ र नेपाल सरकारबीच पटकपट भएका सम्झौताका आधारमा शिक्षकहरूका जायज माग पुरा हुनेगरि अविलम्ब विद्यार्थी मैत्री विद्यालय शिक्षा ऐन जारी गर्न र शिक्षक महासंघ द्वारा घोषित शैक्षिक हडताल अन्त्य गरी विद्यालयको पठन पाठन सुचारु गर्न सरोकारवाला एवं नेपाल सरकार समक्ष जोडदार माग गर्दछ।

**घ. नेपाल विद्यार्थी संघको १२ औं महाधिवेशन**

१. त्रिभुवन विश्वविद्यालय द्वारा मिति २०८१ पुषमा प्रकाशित सूचना मार्फत २०८१ फाल्गुन १५ गते स्ववियु निर्वाचन सम्पन्न गर्ने घोषणा गरेपछि श्रद्धेय पार्टी सभापतिको नेतृत्वमा बसको पदाधिकारीको बैठक र निर्देशन समितिको मार्गनिर्देशन अनुसार तत्कालका लागि महाधिवेशन प्रक्रिया रोकी सम्पूर्ण ध्यान स्ववियु निर्वाचनमा केन्द्रित गरिएको थियो । यद्यपि स्ववियु निर्वाचन चैत्र ५ गतेका लागि सर्यो र सोहीअनुसार ने.वि.संघ निर्वाचनमा होमिएको व्यहोरा जानकारी गराउन चाहन्छु । स्ववियु निर्वाचनलाई संघको प्रमुख प्राथमिकताका रूपमा लिएर सम्पूर्ण सङ्गठनात्मक शक्ति त्यसतर्फ केन्द्रित गरिएको कारण महाधिवेशन सम्बन्धी कार्यक्रमहरू केही समयका लागि स्थगित गर्नु परेको थियो । साथै महाधिवेशन समयमा सम्पन्न गर्नका लागि

अति आवश्यक कार्य अन्तर्गत रिक्त रहेका जिल्ला कार्यसमिति सहित ६६ वटा जिल्लामा संघको गठन एव पदपूर्ति गरिएको छ भने केन्द्रीय समितिको मातहतमा गठन हुने अधिकांश क्याम्पस इकाई समिति गठन गरि अधिवेशन तयारी अवस्थामा रहेको समेत जानकारी गराउन चाहन्छु।

**धारणाः**

नेपाल विद्यार्थी संघको १२ औं महाधिवेशन तोकिएकै समयमा सम्पन्न हुन् नसक्नुका प्राविधिक कारणहरूको गम्भीर समीक्षा गर्दै उब्जिएका समस्या समाधानका उपायहरूका सन्दर्भमा निर्देशन समिति सँग आवश्यक परामर्श गरी ३ महिना भित्र महाधिवेशन सम्पन्न गराउन केन्द्रीय कार्यसमिति प्रतिवद्ध रहेको आम विद्यार्थी साथीहरूलाई जानकारी गराउन चाहन्छौं ।

**ङ. नेपाल विद्यार्थी संघको १२ औं महाधिवेशनको प्रगति विवरण**

- महाधिवेशनको प्रारम्भिक चरणको रूपमा रहेको "सदस्यता वितरण" कार्यलाई प्रभावकारी बनाउन ७७ जिल्ला तथा २१ स्ववियु सदस्य निर्वाचित आङ्गिक क्याम्पसहरूका लागि कार्यविवरणसमेत केन्द्रीय प्रतिनिधि चयन गरियो। जिल्ला कार्यसमितिलाई सदस्यता वितरणमा सहजीकरण गर्ने व्यवस्था मिलाइएको थियो।
- मिति २०८१/०७/२६ मा ५ सदस्यीय विधान परिमार्जन तथा संशोधन समिति गठन गरिएको थियो।
- मिति २०८१/०९/०७ देखि सुरु भई सम्पन्न भएको "राष्ट्रव्यापी सदस्यता वितरण तथा सुझाव संकलन अभियान २, २०८१ अन्तर्गत करिब ३,००,००० नयाँ सदस्यता वितरण तथा अभिलेख संकलन गरिएको थियो।
- मिति २०८१/१०/२९ मा देशको संघीय संरचनाको मर्म अनुसार संघको संशोधित विधान नेपाल विद्यार्थी संघको १२ औं महाधिवेशन केन्द्रीय निर्देशन समितिमा अनुमोदनको लागि पेश गरियो।

अन्तमा नेपाल विद्यार्थी संघले महाधिवेशन सम्पन्न गर्नका लागि आवश्यक प्रारम्भिक कार्यहरू सम्पन्न गरिसकेको छ र निर्देशानुसार निर्वाचन हुन बाकी रहेका स्ववियु निर्वाचनपश्चात् महाधिवेशन प्रक्रियालाई यथाशीघ्र अघि बढाउ गरी मातृ पार्टी नेपाली काँग्रेसलाई प्रतिवेदन सहित महाधिवेशनको प्रस्तावित कार्यतालिका समेत पेश गरिएको सम्पूर्ण मा जानकारी गराउन चाहन्छौं ।

जय नेपाल !

दुजाङ शेर्पा
अध्यक्ष
नेपाल विद्यार्थी संघ
केन्द्रीय कार्यसमिति